# उच्च सरकारी वकील कार्यालय

## जुम्ला

पत्र संख्या :- २०७८/०७९ मिति :-२०७८/११/२७

चलानी नं. :- ४८१

श्री जिल्ला सरकारी वकील कार्यालयहरु,

डोल्पा, हुम्ला, जुम्ला, मुगु, कालिकोट ।

**विषय**:- परिपत्र सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा महान्यायाधिवक्ताको कार्यालयको च.नं. ९००५ मिति २०७५/११/२३ को परिपत्र अनुसार फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन,२०७४ को दफा ५ मा " **कुनै कसूरका सम्बन्धमा कसूर गर्दाका बखत भन्दा सजाय निर्धारण गर्दाका बखत कानून बमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी सजाय निर्धारण गर्नु पर्नेछ।**" भन्ने व्यवस्था गरिएको र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा २(ख) ले "**कुनै कानून अर्न्तगत कुनै अदालतमा दायर भएको कुनै फौजदारी कसूरका मुद्दामा सजाय गर्नुपर्दा सोही कानून बमोजिम नै गर्नु पर्नेछ । तर कुनै फौजदारी कसूरको सजाय मुलुकी अपराध संहितामा लेखिए भन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुनेछ।**" भनी कसूर गर्दाको बखत र सजाय निर्धारण गर्दाको बखत जुन सजाय घटी हुन्छ सोही सजाय हुने व्यवस्थाको सिद्धान्तलाई अंगिकार गरेको हुँदा अभियोग दावी लिंदाको बखत कायम रहेको कानूनमा बढी सजाय हुने व्यवस्था भएको तर फैसला गर्दाका बखत कायम रहेको कानूनमा घटी सजाय हुने व्यवस्था भएको कारणले प्रतिवादीलाई मागदावी भन्दा कम सजाय भए उपर पुनरावेदन गर्न नपर्ने हुँदा सोही बमोजिम गर्न गराउनु हुन निर्देशानुसार अनुरोध गरिन्छ भनी परिपत्र भएकोमा मातहत कार्यालयहरुबाट कतिपय मुद्दामा भएको फैसला उपर प्रस्तुत परिपत्रको व्यहोरा नहेरी प्रस्ताव पठाउने गरेको देखिँदा उप्रान्त परिपत्र बमोजिम गर्न गराउन हुन निर्देशानुसार अनुरोध गरिन्छ ।

२०७८/११/२६

सीताराम राउत

सहायक न्यायाधिवक्ता

"व्यावसायिक र सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशासन"

फोन/फ्याक्स :- ०८७-५२००१०

**Email**:- appelateattorneyjumla@gmail.com & hgao.jumla@ag.gov.np